"स्वच्छ, शान्त, समृद्ध पर्यटकीय नगर बुढानीलकण्ठ"

बुढानीलकण्ठ नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

हात्तीगौंडा, काठमाडौं

बागमती प्रदेश, नेपाल

# बुढानीलकण्ठ नगरपालिकाको आर्थिक ऐन, २०८१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम तयार गरिएको

# बुढानीलकण्ठ नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन,

प्रस्तावना: नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको लागी स्थानीय कर, दस्तुर तथा शुल्क सङ्कलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम बुढानीलकण्ठ नगर सभाले यो ऐन बनाई लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " **बुढानीलकण्ठ नगरपालिकाको आर्थिक ऐन, २०८१**" रहेको छ ।

(२) यो ऐन, सम्बत् २०८१ साल श्रावण १ गतेदेखि नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पत्ति करः** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) यस दफा बमोजिम सम्पत्ति कर लगाउँदा घर र घरजग्गाको मूल्याङ्कन देहायको आधारमा गरिनेछ ।

(क) घर र घरजग्गाको आकार, प्रकार, बनौट र उपयोगको अवस्था,

(ख) घर र घरजग्गाको मालपोत मूल्याङ्कन, चलनचल्तिको मूल्य र घरको ह्रास मूल्य,

(ग) घर र घरजग्गाको व्यापारिक र आवासीय उपयोगको अवस्था

(४) उपदफा (१) बमोजिम घर र घरजग्गाको सम्पत्ति करको दर निर्धारण गर्दा नागरिकको जीवनस्तर, आर्थिकस्तर, कर तिर्न सक्ने क्षमता, सम्पत्तिको प्रचलित बजार मूल्य तथा ह्रासमूल्य समेतलाई विचार गरी कार्यपालिकाले आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको घर र घरजग्गामा सम्पत्ति कर लाग्नेछैनः

क. नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर र घरजग्गा,

ख. सरकारी अस्पतालको घर र घरजग्गा,

ग. गुठीको स्वामित्वमा रहेको घर र घरजग्गा,

घ. मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड र सरकारी संस्थानको घर र घरजग्गा,

ङ. मुनाफाको उद्देश्य नराखी सञ्चालन भएका संघ, संस्थाको घर र घरजग्गा,

च. धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को घर र घरजग्गा,

छ. खानेपानी सङ्कलन पोखरी, विद्युतगृह, मसानघाट, कब्रस्तान, कर्वला, मजार, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु,

ज. राजदुतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका घर र घरजग्गा ।

३. **भूमिकर (मालपोत):** नगरपालिका क्षेत्रभित्रको जग्गामा अनुसूची-२ बमोजिम भूमिकर (मालपोत) लगाइने र असुल उपर गरिनेछ । तर दफा २. बमोजिम सम्पत्ति कर लगाएको जग्गामा भूमिकर (मालपोत) लगाईने छैन ।

४. **घरजग्गा बहाल करः** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा बहाल रकममा बहाल कर लगाईने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा बहाल करको दर अनुसूची -३ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम लगाईने बहाल रकम निर्धारण गर्नको लागि नगरपालिकाले घरजग्गा रहेको स्थान तथा संरचनाको प्रकारको आधारमा न्यूनतम बहाल मूल्य तोकी सोही आधारमा बहाल रकम निर्धारण गरी कर लिन सक्नेछ ।

५. **व्यवसाय करः** (१) नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम व्यापार, व्यवसाय तथा सेवा सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थालाई अनुसूची-४ बमोजिमको व्यवसाय कर असुल गरी व्यवसाय दर्ता तथा नवीकरण गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यावसायिक कारोबार गरेबापत अनुसूची-५ बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमका वस्तुको व्यावसायिक कारोबार गर्ने व्यक्ति वा संस्थालाई नगरपालिकाले व्यवसाय इजाजत दिँदा कर बुझाउने शर्त र विधि समेत तोकी इजाजत दिनेछ ।

७. **सवारी साधन करः** (१) नगरपालिका क्षेत्रभित्रका सवारी साधनमा प्रदेश सरकारले सवारी साधन कर लगाउने र उठाउनेछ । तर टाँगा, रिक्सा, अटोरिक्सा र ई-रिक्सामा नगरपालिकाले सवारी साधन कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले लगाउने भनी तोकिएका सवारी साधनहरुको दर्ता, नवीकरण र सवारी साधन करको दर अनुसूची-६ बमोजिम हुनेछ ।

(३) प्रदेश सरकारले लगाएको सवारी साधन कर रकमबाट नगरपालिकाले प्राप्त गर्ने हिस्सा प्रचलित संघीय र प्रदेश कानुनमा तोकिए बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** (१) नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन तथा प्रचारप्रसारका लागि राख्न दिने साइनबोर्ड, होर्डिङ्ग बोर्ड, डिजिटल बोर्ड, ग्लोबोर्ड, स्टल आदिमा अनुसूची-७ बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।

(२) यस दफा बमोजिम नगरपालिकाले उठाएको विज्ञापन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानुन बमोजिम बाँडफाँट गरिनेछ ।

९. **मनोरञ्जन करः** (१) नगरपालिका क्षेत्रभित्र सञ्चालित सिनेमा हल, सांस्कृतिक प्रदर्शन हल, थिएटर संगीत, मनोरञ्जन प्रदर्शनस्थल, जादू, सर्कस, चटक, पार्क, सुटिङ्ग स्पट लगायतका मनोरञ्जन स्थलमा प्रदेश कानुनले तोकेबमोजिम मनोरञ्जन कर लगाई असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले उठाएको मनोरञ्जन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानुन बमोजिम बाँडफाँट गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** (१) नगरपालिकाले आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा अनुसूची-८ बमोजिमको दरमा बहाल बिटौरी शुल्क लगाउन र उठाउन सक्नेछ।

(क) आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,

(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटो छेउको जग्गामा भएका अस्थाई टहरा, छाप्रा वा पसल वा आवास,

(ग) नगरपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा सञ्चालन गरेका पसल, रिक्सा, ठेलागाडा, ठेला पसल आदि।

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि नगर कार्यपालिकाले न्यूनतम दर निर्धारण गरी प्रचलित सार्वजनिक खरीद ऐन तथा नियम बमोजिम बहालमा दिन सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि नगरपालिकाले त्यस्तो स्थानमा खरीद बिक्री हुने वस्तु तथा सेवा एवं कारोवारको आधारमा तोकेको न्यूनतम बहाल विटौरी शुल्कको दरमा प्रचलित सार्वजनिक खरीद ऐन तथा नियम बमोजिम बहाल बिटौरीमा दिन सक्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम बहाल बिटौरीमा दिँदा शर्त सहित सम्झौता गरी दिनु पर्नेछ ।

**११. पार्किङ्ग शुल्कः** (१) नगरपालिका क्षेत्रभित्र तोकेको पार्किङ्ग स्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए बापत पार्किङ्ग गर्ने समयको आधारमा अनुसूची-९ मा उल्लेख भए बमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असुल उपर गरिनेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान बाहेक अन्य स्थानमा सवारी साधन पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ । तर राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी साधन पार्किङ्ग गराइने र शुल्क लगाइने छैन ।

(३) नगरपालिकाले सवारी साधन आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसँगको समन्वयमा सवारी साधन पार्किङ्ग क्षेत्र निर्धारण गर्नेछ ।

(४) नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी र नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, कुटनीतिक नियोगको स्वामित्वमा रहेका सवारी साधनको हकमा कुनै किसिमको पार्किङ्ग शुल्क लाग्ने छैन ।

**१२. सेवा शुल्क, दस्तुरः** (१) नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, र्‍याफ्टिङ्ग , प्याराग्लाइडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाइने र असुल उपर गरिनेछ ।

तर सीमा नदी वा अर्को गाउँपालिका वा नगरपालिकाको क्षेत्रलाई समेटेर सञ्चालन हुने सेवा वा व्यवसायमा सेवा शुल्क लगाउँदा सम्बन्धित गाउँपालिका/नगरपालिकासँग समन्वय गरी लगाइनेछ ।

(२) नगरपालिकाले निर्माण वा सञ्चालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाइने र असुल उपर गरिनेछ ।

(क) खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,

(ख) फोहोरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास (होस्टल), हाटबजार, पशु बधशाला, शवदाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,

(घ) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा,

(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(च) नगरपालिकाले प्रदान गर्ने सिफारिस सम्बन्धी कुनै सेवा,

(छ) ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क ।

तर ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा बुढानीलकण्ठ नगरवासीलाई यस दफा बमोजिम शुल्क लिईने छैन ।

(३) नगरपालिका क्षेत्रभित्र सहकारी संस्था, एफ.एम. रेडियो, “घ” वर्गको निर्माण व्यवसायी इजाजत, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधि पसल, स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति, नविकरण तथा नियमन आदि सेवामा सेवा शुल्क दस्तुर लगाइने र उठाइनेछ ।

(४) नगरपालिकाभित्र नयाँ घर निर्माण गर्दा निर्माण स्वीकृति लिएर मात्र गर्नुपर्नेछ । अस्थायी इजाजत (प्लिन्थ लेभल) लिए पश्चात प्राविधिकबाट चेकजाँच गरी स्थायी निर्माण स्वीकृति लिनुपर्नेछ र अस्थायी इजाजत लिएको मितिबाट दुई वर्षभित्र निर्माण सम्पन्न प्रमाणपत्र लिई सक्नुपर्नेछ । दुई वर्ष भित्र निर्माण कार्य सम्पन्न गर्न नसकेमा म्याद सकिनु अगावै नियमानुसार नवीकरण दस्तुर तिरी थप दुई बर्षको लागि नक्सा नवीकरण गर्न सकिनेछ । सो म्याद समेत गुज्री ४ वर्ष अवधि पुरा भएमा नक्सा पास गर्दा लाग्ने पुरै दस्तुर तिरी पूनः नयाँ नक्सा पास गर्नुपर्नेछ ।

(५) कुनै व्यक्ति, संस्था वा कार्यालयले धारा, ढल एवं अन्य निर्माणको लागि नगरपालिकाको जिम्मामा रहेर सडक बाटो खन्दा नगरपालिकाको प्राविधिकबाट लागत अनुमान गराई तोकिए बमोजिमको धरौटी रकम नगरपालिकाको धरौटी खातामा जम्मा गरे पश्चात मात्र स्वीकृति दिईनेछ ।

(६) उपदफा (१), (२), (३), (४) र (५) बमोजिम लगाइने सेवा शुल्क, दस्तुरको दर अनुसूची -१० मा उल्लेख भए बमोजिम हुनेछ ।

१३. **माटो, ढुंगा, गिट्टी, बालुवा, दहत्तरबहत्तर तथा अन्य बिक्री शुल्कः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकीएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुको बिक्री गर्न सक्नेछ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम नगरपालिकाले गर्ने बिक्रिको दर प्रदेश कानुनमा तोकिए बमोजिम हुनेछ।

(४) नगर कार्यपालिकाले आफ्नो प्रयोगमा नआउने पुराना र काम नलाग्ने वस्तु, उपकरण तथा सामानहरु लिलाम बिक्री गर्न सक्नेछ ।

(५) नगर कार्यपालिकाले नागरिकको सुविधाको लागि विभिन्न फाराम तथा पुस्तकहरु वा अन्य सेवा बिक्री गर्न सक्नेछ ।

(६) उपदफा (१) र (२) बमोजिम बिक्री बापत प्राप्त रकम प्रचलित संघीय र प्रदेश कानुन बमोजिम बाँडफाँट गरिनेछ ।

१४. **पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकबाट प्रचलित कानुनमा तोकिए बमोजिम अनुसूची-११ अनुसार कर लगाइने र असुल उपर गरिनेछ ।

१५. **घरजग्गा रजिष्ट्रेशन शुल्कः** (१) घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानुनले तोके बमोजिम लगाइने र उठाईनेछ ।

(२) उपदफा (१) बमोजिम उठेको रकम संघीय र प्रदेश कानुन बमोजिम बाँडफाँट गरिनेछ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउन नगरपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकेका कार्यालयमार्फत उठाईनेछ ।

१६. **दण्ड जरिबानाः** (१) नगरपालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्किङ्ग वा व्यापार व्यवसाय, निर्माण सामाग्री, फोहोरमैला गर्ने तथा प्रचलित कानुन विपरितका कार्य गरेमा अनुसूची-१२ बमोजिम जरिबाना लगाई असुल उपर गरिनेछ ।

(२) नगरपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा सम्बन्धित कानुनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा कार्यपालिकाबाट निर्धारित दरमा जरिबाना सहित बक्यौता असुल गरिनेछ ।

(३) असुल गर्नुपर्ने राजस्व असुल नगरेको वा न्यून रकममात्र असुल गरेको पाइएमा असुल हुन बाँकी रकमको दोब्बर रकम न्यून रकम असुल गर्ने कर्मचारी वा लिखित आदेश दिने पदाधिकारीलाई जरिबाना गरिनेछ।

(४) नगरपालिकाले उपदफा (१), (२) र (३) बाहेक प्रचलित कानुन पालना नगरेको कसूरमा लगाउने अन्य दण्ड जरिबाना रकम सम्बन्धित कानुनमा तोकिए बमोजिम हुनेछ ।

**१७. कर छुटः** (१) चालु आर्थिक वर्ष २०८१/०८२ मा तिर्नुपर्ने सम्पत्ति कर, भूमिकर(मालपोत), व्यवसाय कर र बहाल कर (एकमुस्ट) चालु आर्थिक वर्षको पहिलो चौमासिक सम्म (कार्तिक मसान्तसम्म) तिरेमा पन्ध्र प्रतिशत (१५%) छुट हुनेछ।

(२) एकल महिला, अपाङ्गता भएका व्यक्ति एवम् लैङ्गीक तथा यौनिक अल्पसङ्ख्यक व्यक्तिहरुको समूह/व्यक्तिद्धारा सञ्चालित व्यवसाय दर्तामा लाग्ने कुल रकममा पचास प्रतिशत (५०%) छुट हुनेछ ।

(३) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोबारमा यस ऐन बमोजिमको कर लिईने छैन ।

स्पष्टीकरणः लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालय, बालगृह, अनाथ आश्रम, वृद्धाश्रम, योग ध्यानकेन्द्र जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ ।

(४) विपद् वा अन्य यस्तै प्रकृतिका विशेष परिस्थितिको कारणले करदाताहरुले कर भुक्तानी गर्न नसक्ने अवस्था देखिएमा सोको स्पष्ट कारण खुलाई नगर सभाको निर्णय बमोजिम कर वा जरिबाना छुट दिन सकिनेछ ।

(५) कानुनमा व्यवस्था भएको अवस्थामा बाहेक नगरपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, दस्तुर, शुल्क, महसुल लिन वा दण्ड, जरिबाना छुट दिन पाउने छैन ।

तर स्थानीय आर्थिक क्रियाकलापमा उल्लेखनीय योगदान पुऱ्याउने किसिमका उद्योग व्यवसायमा निश्चित अवधिसम्म नगर सभाले बनाएको कानुन बमोजिम कर, दस्तुर, शुल्क छुट दिन बाधा पर्ने छैन ।

**१८. प्रशासकीय पुनरावलोकन र पुनरावेदनः** (१) नगरपालिकाले गरेको कर, शुल्क, दस्तुर, महसुल, दण्ड, जरिबाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले नगरपालिकामा प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर प्रशासकीय पुनरावलोकनको लागि नगर कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तीन सदस्यीय राजस्व

प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ । यस्तो समितिमा कर निर्धारणमा संलग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहनेछैन ।

(३) उपदफा (१) बमोजिम पुनरावलोकनको लागि प्राप्त भएको निवेदन उपर पैंतिस (३५) दिनभित्र छानबिन तथा निर्णय गरी सम्बन्धित व्यक्तिलाई निर्णयको जानकारी दिनु पर्नेछ ।

(४) तोकिएको समयमा यस दफा बमोजिम प्रशासकीय पुनरावलोकन नगरेको कारणले करदातालाई थप आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा नगरपालिकाले त्यसको क्षतिपुर्ति दिनु पर्नेछ ।

१९. **ठेक्का आह्वान गर्न सक्नेः** (१) यस ऐन बमोजिम सङ्कलन गर्ने सेवा शुल्क र दस्तुर नगर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोबस्त गरी सङ्कलन गर्न सक्नेछ ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा दुई वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(२) यस दफा बमोजिमको आय ठेक्का दिँदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

(३) नगरपालिकाले सामान्यतयाः आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै ठेक्का बन्दोबस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

(४) नगरपालिकाले कर सङ्कलन गर्न सामान्यतया ठेक्का बन्दोबस्त गरिने छैन । तर जडिबुटी, कवाडी र जीवजन्तु कर, ढुंगा, गिट्टी, बालुवा तथा दहत्तरबहत्तर बिक्री शुल्क तथा विज्ञापन कर सङ्कलन गर्न ठेक्का बन्दोबस्त गर्नुपर्ने अवस्थामा नगर कार्यपालिकाको निर्णय गराई ठेक्कामा सङ्कलन गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोबस्त प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमका आधारमा गरिने छ ।

२०. **सहयोग लिन सकिनेः** नगरपालिकाले नेपाल सरकार तथा प्रदेश सरकारका कार्यालयहरुसँग राजस्व असुली सम्बन्धी कार्यमा आवश्यक सहयोग लिन सक्नेछ ।

२१. **प्रगतिशील कर प्रणाली अवलम्बन गरिनेः** नगरपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नेछ ।

२२. **कार्यविधि बनाउन सक्नेः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नगर कार्यपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

२३.	**राजस्व फिर्ता/समायोजन सम्बन्धी व्यवस्थाः** (१) सेवाग्राही वा करदाताले यस ऐन बमोजिम राजस्व बुझाउँदा तिर्नुपर्ने भन्दा बढी राजस्व दाखिला गरेमा उक्त बढी भएको रकम फिर्ता/समायोजन माग गर्न सक्नेछ । यसरी बढी दाखिला भएको रकम फिर्ता/समायोजन माग गर्दा दाखिला गरेको पैंतिस (३५) दिन भित्र निवेदन दिनुपर्नेछ । सो व्यहोरा साँचो देखिएमा प्रमुख प्रशासकीय अधिकृतले निवेदन परेको एक महिना भित्र रकम फिर्ता/समायोजन गर्ने निर्णय गर्नु पर्नेछ ।तर एक आर्थिक वर्षमा दाखिला गरेको राजस्व रकम अर्को आर्थिक वर्षमा फिर्ता गरिने छैन।

(२) उपदफा (१) बमोजिमको व्यवस्था बाहेकको हकमा राजस्व समायोजन गर्ने कार्य राजस्व परामर्श समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

२४.	**प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्नेः** (१) प्रचलित कर सम्बन्धी कानुन तथा यस ऐन कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र सुव्यवस्थामा गम्भीर खलल् पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपद्को कारणले उल्लिखित कानुनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लिखित कानुन तथा यस ऐनको कार्यान्वयनमा बाधा अड्काउ पर्न गएमा नगर कार्यपालिकाले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

(२) यस ऐनमा उल्लेख भएका विषयको कार्यान्वयनमा कुनै द्विविधा तथा असहजता भएमा वा यस ऐनमा उल्लेख नभएको विषयमा राजस्व सङ्कलन गर्नु पर्ने भएमा राजस्व परामर्श समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णय अनुसार राजस्व सङ्कलन गर्न सकिनेछ ।

२५.	**प्रचलित कानुन बमोजिम हुनेः** यस ऐनमा उल्लेख गरिएका विषयहरुमा यसै बमोजिम र अन्य विषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**अनुसूची - १**

(दफा २ सँग सम्बन्धित)

**सम्पत्ति कर**

**क. सम्पत्ति कर सम्बन्धमा**

नगरपालिका क्षेत्रभित्र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (संशोधन सहित) को दफा ५५ को उपदफा (१) अनुसार घर र घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाईने र उठाइनेछ । "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म सम्झनुपर्नेछ । सो भन्दा बाहेकको जग्गाको हकमा भूमिकर (मालपोत) लगाइनेछ ।

**१. सम्पत्ति करको लागि घरको मूल्याङ्कन तथा ह्रासकट्टी निम्न अनुसार गरिनेछः**

| घरको बनावट | औसत लागत दर प्रति वर्ग फुट | ह्रास कट्टी प्रतिशतमा | कट्टी गर्ने जम्मा वर्ष |
|---|---|---|---|
| भित्र काँचो बाहिर पाको ईटामा माटोको जोडाई भएको वा काठै काठबाट बनेको र जस्ता, झिँगटी, टायल, एसवेस्टसको छाना भएको घर | रु ६००।- | ३ | २५ |
| भित्र बाहिर सिमेन्ट प्लाष्टर गरी छाना ढलान वा आरविसि गरिएको वा जस्ता, टायल, झिँगटी, एसवेस्टसको छाना भएको घर | रु ७५०।- | २ | ३० |
| भित्र बाहिर पाको ईटा वा ढुङ्गामा सिमेन्ट प्लाष्टर गरी छाना ढलान (आरसिसि वा आरविसि) गरिएको घर | रु १७५०।- | १ | ५० |
| आरसिसि फ्रेम स्ट्रक्चरको घर, स्टील फ्रेम स्ट्रक्चर, फ्रविङट्रस, फाइवर वा यस्तै संरचना | रु १८००।- | ०.७५ | ७० |
| डिपार्टमेन्ट स्टोर, कम्प्लेक्स, अपार्टमेन्ट र पाँचतारे तथा सो भन्दा ठुला होटल | रु ३०००।- | ०.७५ | ७० |

## <u>२. सम्पत्ति करको लागि जग्गाको मूल्याङ्कन प्रति आना निम्न अनुसार कायम गरिनेछः-</u>

### ४ मिटर भन्दा कम चौंडाई भएको सडकहरुमा प्रति आना रु.

| क्र.स. | सडकको विवरण | वडा नं | मुल्याङ्कन (रु) | वडा नं | सडकको किसिम | मुल्याङ्कन |
|---|---|---|---|---|---|---|
| १ | बाटो नभएका जग्गाहरु | १ देखि १३ | ३,०२,५००।- | • पहाडी भुभाग छुने वडाहरु १, २, ३, ४, ५ र १३ का केही भुभागहरु<br>• बू.न.पा. वडा नं. १ साविक चपली गा.वि.स. वडा नं. १/क, १/ख, ३/क, ३/ख, ४/ख, ४/ग का केही भुभागहरु<br>• बू.न.पा. वडा नं. २ साविक चपली गा.वि.स. वडा नं. ५/क, ५/ख को केही भुभाग<br>• बू.न.पा. वडा नं. ३ साविक विष्णु गा.वि.स. को वडा नं. १/क को पुरै भुभाग<br>• बू.न.पा. वडा नं. ४ साविक विष्णु गा.वि.स. वडा नं. ६/क, ६/ख, ६/ग को पुरै भुभाग<br>• बू.न.पा. वडा नं. ५, साविक विष्णु गा.वि.स. वडा नं. ९/क, ९/ख, ७/ख, ८/क, ८/ख का केही भुभाग<br>• वडा नं. १३ साविक चुनीखेल गा.वि.स. मेन रोड नामाकरण गरिएको जग्गा बाहेक अन्य जग्गाको मुल्य | बाटो नभएका जग्गाहरु | १,८१,५००।- |
| २ | गोरेटो बाटो भएका जग्गाहरु | १ देखि १३ | ४,२३,५००।- | | गोरेटो बाटो भएका जग्गाहरु | ३,०२,५००।- |
| ३ | कच्ची मोटरबाटो भएका जग्गाहरु | १ देखि १३ | ७,८६,५००।- | | कच्ची मोटरबाटो भएका जग्गाहरु | ६,०५,०००।- |
| ४ | पिच बाटो भएका जग्गाहरु | १ देखि १३ | १०,८९,०००।- | | पिच बाटो भएका जग्गाहरु | ८,४७,०००।- |
| | | | | | | |

### ४ मिटर भन्दा बढी चौडाई भएका सडकहरुमा प्रति आना रु.

| क्र.सं. | सडकको विवरण | वडा नं. | मुल्याङ्कन (रु.) | कैफियत | |
|---|---|---|---|---|---|
| | | | | वडा नं. | मुल्याङ्कन (रु.) |
| १ | कच्ची मोटरबाटो भएका जग्गाहरु | १ देखि १३ | १०,८९,०००।- | वडा नं १३ को ४ मिटर भन्दा कम चौंडाईका सडकः (मेन रोड बाहेक) | ६,०५,०००।- |
| २ | पिच सडक भएका जग्गाहरु | १ देखि १३ | १३,३१,०००।- | वडा नं १३ को ४ मिटर भन्दा बढी चौंडाईका सडकः (मेन रोड बाहेक) | ९,३१,७००।- |

### निम्न सडक नामाकरण गरिएका जग्गाहरु प्रति आना रु.

| क्र.सं. | सडकको विवरण | मुल्यांकन (रु.) |
|---|---|---|
| १ | बुढानीलकण्ठ जाने मुल सडक | २०,५७,०००।- |
| २ | गोल्फुटार हुँदै धुम्बाराही जाने सडक | १८,१५,०००।- |
| ३ | तेञ्जिङ्ग चोक आनिगुम्बा सडक | १५,७३,०००।- |
| ४ | साततले-मिलनचोक तरकारी बजार जाने सडक | १५,७३,०००।- |
| ५ | साततले-साँप्रेढुंगा सडक | १८,१५,०००।- |
| ६ | राम मन्दिरबाट कृष्ण मन्दिर जाने बाटो | १८,१५,०००।- |
| ७ | विष्णुमती-धोबीखोला कोरिडोर | १४,५२,०००।- |
| ८ | धोबीखोला पुल देखि कपन जोड्ने चुनीखेल मुल सडक | १२,१०,०००।- |
| ९ | न्युरो हस्पिटलबाट बसुन्धारा जाने सडक | १२,१०,०००।- |
| १० | कपन-चुनीखेल-गाम्चा सडक | १२,१०,०००।- |
| ११ | हात्तीगौंडा-टोखा सडक | १२,१०,०००।- |
| १२ | मानबहादुर मार्ग-भ्यालि पब्लिक हुँदै धोबीखोला पुल | १२,१०,०००।- |
| १३ | गणेश स्कुल-भंगाल हुँदै धोबीखोला-चुनीखेल सडक | १२,१०,०००।- |

### ३. सम्पत्ति करको दर निम्न अनुसार कायम गरिनेछः

| क्र.सं. | विवरण | करको दर प्रतिशत |
|---|---|---|
| १ | रु. ३०,००,००० (तिस लाख) सम्म (एकमुस्ट) | रू. ५०० |
| २ | त्यस पछिको रु. २०,००,००० (बिस लाख) सम्म | ०.०३% |
| ३ | त्यस पछिको रु. ५०,००,००० (पचास लाख) सम्म | ०.०७% |
| ४ | त्यस पछिको रु. १,००,००,००० (एक करोड) सम्म | ०.११% |
| ५ | त्यस पछिको जतिसुकै भए पनि | ०.२५% |

**द्रष्टव्यः**

१. भवन निर्माण सम्पन्न गरेको आर्थिक वर्षदेखि सम्पत्ति कर असुल गरिनेछ।

२. भवनको नक्सा स्वीकृत भएको मितिले दुई वर्षसम्म (म्याद थप भएमा थप दुईवर्ष) को अवधिलाई निर्माण अवधि मानी सो अवधिको सम्पत्ति कर असुल गरिने छैन। तर निर्माण अवधिभन्दा अगावै भवन निर्माण कार्य सम्पन्न गरेको अवस्थामा सोही आर्थिक वर्षदेखि सम्पत्ति कर असुल गरिनेछ।

३. संयुक्त तथा सामूहिक आवासको सम्पत्ति कर निर्धारणः बहुतले सामूहिक आवास (अपार्टमेन्ट वा फ्ल्याट) वा संयुक्त आवास (हाउजिङ्ग) वा कुनै घरको विभिन्न तलाहरु वा एकै तलामा पृथक, पृथक स्वामित्व रहेकोमा त्यस्तो पृथक, पृथक स्वामित्व भएका भागहरु वा तलाहरुको सम्पत्ति कर सम्बन्धित स्वामित्ववाला व्यक्तिहरुको नाममा देहाय बमोजिम निर्धारण गरी असुल उपर गरिनेछ ।

(क) बहुतले सामूहिक आवास (अपार्टमेन्ट वा फ्ल्याट) को हकमा जे-जति क्षेत्रफलको घर, अपार्टमेन्ट वा फ्ल्याट राजिनामा वा स्वामित्व हस्तान्तरणको लिखत पारित गरी हक हस्तान्तरण भएको छ सोही बराबर घर (अपार्टमेन्ट वा फ्ल्याट) को क्षेत्रफल कायम गरिनेछ ।

(ख) सामूहिक आवासको जग्गाको क्षेत्रफल कायम गर्दा राजिनामा वा स्वामित्व हस्तान्तरणको लिखतमा उल्लेख भएको भए सोही जग्गाको क्षेत्रफल र उल्लेख नभएको भए घरको स्वामित्व बराबरको क्षेत्रफल मानि सो को दुई गुणा बराबरको जग्गाको क्षेत्रफल कायम गरिनेछ ।

(ग) व्यावसायिक प्रयोजनको लागि निर्माण गरी बिक्री भएको (मल / सपिङ्ग कम्प्लेक्स / सपिङ्ग सेन्टर आदि) मा खरिद बिक्री हुने पसल, कोठा तलाको हकमा समेत बुँदा (क) बमोजिम कर निर्धारण गरिनेछ ।

(घ) कुनै व्यक्ति वा संस्थाको नाममा जग्गाको स्वामित्व भई अर्को व्यक्तिले जग्गा लिजमा लिई भौतिक संरचनाको निर्माण, विकास र सम्बर्द्धन गरी भोग गरेको सम्पत्तिको कर तिर्नुपर्ने दायित्व सम्बन्धमा निजहरुबीच भएको सम्झौतामा स्पष्ट उल्लेख गरिएको हकमा सोही बमोजिम

हुनेछ । यदि सम्झौतामा स्पष्ट प्रावधान उल्लेख नगरिएको भएमा सम्पत्तिको भोग गर्ने वा लिजमा लिने व्यक्ति वा संस्थाले कर दाखिला गर्नुपर्नेछ ।

(ङ) बुँदा (घ) बमोजिमको लिज सम्झौता भंग भएमा वा कार्यन्वयन नभई सम्झौताको यथार्थ परिपालना नगरिएको अवस्थामा सम्पत्ति कर तिर्ने दायित्व सम्बन्धित जग्गा धनीको हुनेछ ।

**ख. बक्यौता घरजग्गा/सम्पत्ति कर सम्बन्धमा**

नगरपालिका क्षेत्र भित्र गत आर्थिक वर्षमा तिर्न बाँकी रहेका घरजग्गा कर तथा सम्पत्ति कर असुल उपर गर्नका लागि घर र घरले चर्चेको जग्गामा बक्यौता घरजग्गा कर/सम्पत्ति कर लगाईनेछ । उल्लिखित बक्यौता घरजग्गा/सम्पत्ति कर असुलउपर गर्न जग्गाको क्षेत्रफल कायम गर्दा घरले चर्चेको प्लिन्थ एरियालाई सम्झनु पर्नेछ । घरले चर्चेको जग्गाको क्षेत्रफल अधिकतम सो घरले चर्चेको प्लिन्थ एरिया बराबरको थप जग्गा समेतलाई बक्यौता घरजग्गा कर तथा सम्पत्ति कर लिइनेछ । सो भन्दा बढी जग्गालाई बक्यौता घरजग्गा/सम्पत्ति कर लिइने छैन । बक्यौता घरजग्गा/सम्पत्ति कर असुलउपर गर्ने हकमा चालु आर्थिक वर्षलाई नै आधार मानेर असुलउपर गरिनेछ । बक्यौता घरजग्गा/सम्पत्ति करमा दश प्रतिशत (१०%) जरिबाना लगाई असुल उपर गरिनेछ । तर आर्थिक वर्ष २०७०/०७१ सम्मको बक्यौता घरजग्गा/सम्पत्ति कर असुल उपर गर्ने हकमा चालु आर्थिक वर्षलाई आधार मानी मूल्याङ्कन गरी आएको करमा चालिस प्रतिशत (४०%) छुट (चालु आर्थिक वर्षको पहिलो चौमासिकसम्म मात्र) दिई बक्यौता असुल उपर गरिनेछ ।

**अनुसूची-२**

(दफा ३ सँग सम्बन्धित)

**भूमिकर (मालपोत)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५६ बमोजिम नगरपालिका क्षेत्र भित्र दफा २. बमोजिम सम्पत्ति कर लागेको घरजग्गा बाहेकको अन्य जग्गामा भूमिकर (मालपोत) लगाई असुलउपर गरिने छ । भूमिकर (मालपोत) दररेट निम्नानुसार हुनेछः

| क्र.सं. | विवरण | आ.व. २०८१।०८२ को दर (रु.) |
|---|---|---|
| १ | प्रति आना | १२।५० |
| २ | प्रति रोपनी | २००।- |

| | | |
|---|---|---|
| ३ | न्यूनतम | ५०।- |
| ४ | बक्यौता जरिबाना | १०% |

## अनुसूची -३

(दफा ४ सँग सम्बन्धित)

## घर जग्गा बहाल कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ बमोजिम बुढानीलकण्ठ नगरपालिका क्षेत्रभित्र निम्न अनुसार घर जग्गा बहाल कर लगाईनेछः

| सि.नं. | विवरण | | आ.व २०८१।०८२ को दर |
|---|---|---|---|
| १ | नगर क्षेत्र भित्रका भवन तथा घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना, जग्गा, पोखरी आदि | क. संघसंस्था, कार्यालय, उद्योग, व्यवसाय प्रयोजनको लागि | १०% |
| | | ख. आवास प्रयोजनको लागि | ७% |
| | | ग. कृषि प्रयोजनको लागि | २% |

(क) बक्यौता घर जग्गा बहाल करमा दश प्रतिशत (१०%) का दरले जरिबाना असुल उपर गरिनेछ । तर गत आर्थिक वर्ष (आ.व.२०८०/०८१) को एकमुस्ट वार्षिक घर जग्गा वहाल कर चालु आर्थिक वर्षको भदौ मसान्तसम्म चुक्ता गर्न आएमा जरिबाना लिईने छैन । चालु आर्थिक वर्षको भदौ मसान्तपछि गत आर्थिक वर्ष (आ.व. २०८०/०८१) को घर जग्गा बहाल करमा समेत दश प्रतिशत (१०%) का दरले जरिबाना लिईनेछ ।

(ख) घरजग्गा बहाल कर वापतको आयस्रोत प्रमाणित गर्नुपर्ने भएमा बहाल कर तिरेको विवरणका आधारमा बहाल कर तिरेको समयावधिको मात्र आयश्रोत प्रमाणित गरिनेछ।

(ग) आर्थिक वर्ष २०७५/०७६ लाई आधार वर्षका रुपमा लिई बहाल कर असुली गरिनेछ ।

(घ) अनुसुची-३ मा जुनसुकै कुरा लेखिएको भएता पनि वार्षिक रू. एक लाख बिस हजार भन्दा कम बहाल आम्दानी भएका र अन्य कुनै आम्दानी गर्ने स्रोत नरहेका करदाताहरूले बहाल कर छुट माग गरेमा सम्बन्धित वडा समितिले वास्तविक अवस्था बुझी व्यहोरा मनासिब भएमा वडा समितिको सिफारिसमा राजस्व परामर्श समितिको राय लिई नगर कार्यपालिकाको बैठकले निर्णय गरी चालु आर्थिक वर्षका लागि लाग्ने बहाल करको सेवा शुल्क बापत रू. ५०० लिई बहाल करमा शत प्रतिशत छुट दिईनेछ।

(ङ) घरजग्गा बहाल कर मासिक, त्रैमासिक, चौमासिक, अर्धवार्षिक वा वार्षिक रुपमा बुझाउन सकिनेछ ।

## अनुसूची - ४
(दफा ५ सँग सम्बन्धित)

**व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ बमोजिम नगरपालिका क्षेत्रभित्र निम्न अनुसार व्यवसाय कर लगाईनेछः

### क. व्यापारिक वस्तु तथा व्यवसाय

| क्र.स. | व्यवसायको विवरण | पुंजीको आधारमा वार्षिक दर्ता तथा नवीकरण (रु) | | |
|---|---|---|---|---|
| | | रु ५ लाखसम्म | रु ५ लाख भन्दा माथि १० लाख सम्म | रु १० लाख भन्दा माथि |
| १ | चुरोट तथा रक्सी | ५००० | १०००० | १५००० |
| २ | खुद्रा व्यवसाय (किराना) | २००० | ५००० | ७००० |
| ३ | ईलेक्ट्रोनिक सामान खरिद विक्रि व्यवसाय | ३००० | ५००० | ७००० |
| ४ | फर्निसिङ्ग तथा फर्निचर | ३००० | ५००० | ७००० |
| ५ | कपडा पसल फेन्सी स्टोर | २००० | ३००० | ५००० |
| ६ | सामान ढुवानी तथा कम्पनी ट्रान्सपोर्ट सर्भिस | ५००० | ७००० | १२००० |
| ७ | मदिरा डिलर | १५००० | २०००० | २५००० |
| ८ | फोटो स्टुडियो | २००० | ४००० | ६००० |
| ९ | कलर ल्याव | ५००० | ७००० | १०००० |
| १० | मसाज पार्लर | ३००० | ५००० | ७००० |
| ११ | ब्युटिपार्लर/जेन्सपार्लर /Unisex पार्लर | १००० | १५०० | २५०० |
| १२ | कस्मेटीक पसल | २००० | ३००० | ४००० |
| १३ | ड्राई क्लिनर्स | ३००० | ४५०० | ६००० |
| १४ | माछा /मासु विक्रेता | २००० | ५००० | ७००० |
| १५ | फलफुल तथा तरकारी  विक्रेता | २००० | २५०० | ३००० |
| १६ | प्लाईउड पसल | ३००० | ४००० | ५००० |
| १७ | डेरी पसल | २००० | २५०० | ३००० |
| १८ | नकर्मी पसल | १००० | १५०० | २००० |
| १९ | जुत्ता चप्पल खुद्रा पसल | २००० | ३००० | ४५०० |
| २० | कुटानी पिसानी | १००० | २००० | ३००० |
| २१ | ग्याँस डिपो | ३००० | ४००० | ५००० |

| | | | | |
|---|---|---|---|---|
| २२ | सेरामिक्स पसल | २००० | ३००० | ४००० |
| २३ | ह्याण्डिक्राफ्ट/हस्तकला | २००० | | |
| २४ | सोलार बत्ती मेसिनरी औजार विक्रि | ५००० | ७००० | ९००० |
| २५ | क्याटरिङ्ग सर्भिस/ईभेन्ट म्यानेजमेन्ट | ५००० | ७००० | ९००० |
| २६ | रंगरोगन पसल | ५००० | ७००० | १०००० |
| २७ | मोबाईल मर्मत तथा विक्रि केन्द्र | ३००० | ५००० | ७००० |
| २८ | निर्माण सामाग्री सप्लायर्स/डिपो | १०००० | १५००० | २०००० |
| २९ | यातायात व्यवसाय | ५००० | ७००० | १०००० |
| ३० | अटो तथा स्पेयर पार्ट्स सप्लायर्स | ५००० | ७००० | १०००० |
| ३१ | स्टेशनरी | ३००० | ४५०० | ६००० |
| ३२ | भाँडा पसल | २००० | ५००० | १०००० |
| ३३ | प्लाष्टिकका भाँडा पसल | २००० | ४००० | ७००० |
| ३४ | मिनिमार्ट/ग्रोसरी | १०००० | १५००० | २५००० |
| ३५ | एक्वारियम पसल | १५०० | २००० | २५०० |
| ३६ | धागोटाँक पसल | ५०० | | |
| ३७ | काठ गोदाम तथा काठ चिरान | ५००० | ८००० | १२००० |
| ३८ | बाईक/मोटर पार्टस पसल | ५००० | ७००० | १०००० |
| ३९ | लेथमेसिन | २००० | ३००० | ४००० |
| ४० | केनल क्लव तथा Animal Breeding Center | २००० | २५०० | ३००० |
| ४१ | वर्गीकृत नभएका अन्य खाद्यान्न सम्बन्धी व्यवसाय | ५००० | ७००० | ९००० |
| ४२ | खेलौना तथा उपहार विक्रेता | १५०० | २२०० | २७०० |
| ४३ | घडी मर्मत तथा विक्रि पसल | २००० | ३००० | ४००० |
| ४४ | पेट्रोलियम पदार्थ स्टोर वा डिपो | १५००० | २५००० | ३५००० |
| ४५ | शितभण्डार तथा अन्य गोदामघर | २००० | ३००० | ४००० |
| ४६ | अर्गानिक बस्तु विक्रि केन्द्र | २००० | ३००० | ४००० |
| ४७ | चस्मा पसल | २००० | ३००० | १०००० |
| ४८ | लुगा सिउने मेसिन बिक्री गर्ने पसल | २००० | ५००० | १०००० |
| ४९ | सिलाई पसल (सर्टिङ्ग, सुटिङ्ग, टेलरिङ्ग) | १००० | ३००० | ५००० |
| ५० | सुन, चाँदी गहना बनाउने पसल (ज्यासल) | २००० | | |
| ५१ | फुलमाला सजावट पसल | ३००० | | |

| | | |
|---|---|---|
| ५२ | ट्रेकिङ् सामान पसल | ५००० |
| ५३ | कम्प्लेक्स तथा विजनेस मार्ट | ५०००० |
| ५४ | माटोको भाँडा बेच्ने पसल | ५०० |
| ५५ | मुर्ती बनाउने/बेच्ने पसल | २००० |
| ५६ | पान पसल | १००० |

| **क्र.स.** | **व्यवसायको विवरण** | **पुँजीको आधारमा वार्षिक दर्ता तथा नवीकरण (रु.)** | |
|---|---|---|---|
| | | **रु. ५० लाख सम्म** | **रु. ५० लाख भन्दा माथि** |
| १ | सुनचाँदी तथा गहना खरीद तथा बिक्री पसल | १०००० | २०००० |
| २ | आयात/निर्यात | १०००० | २०००० |
| ३ | गलैंचा उद्योग | ५००० | १०००० |
| ४ | सवारी साधन विक्रेता | २०००० | ५०००० |
| ५ | हार्डवेयर व्यवसाय | १०००० | २०००० |
| ६ | डिपार्टमेन्ट स्टोर | १५००० | २५००० |
| ७ | होलसेल पसल | १०००० | २०००० |
| ८ | मार्वल पसल | १०००० | १५००० |

| **क्र.स** | **अन्य वर्गीकृत नभएका व्यवसायको विवरण** | **पुँजीको आधारमा वार्षिक दर्ता तथा नवीकरण (रु.)** |
|---|---|---|
| १ | क. ५ लाख सम्मको | ३००० |
| २ | ख. ५ लाख देखि २५ लाख सम्मको | ५००० |
| ३ | ग. २५ लाख देखि १ करोड सम्म | ७००० |
| ४ | घ. १ करोड भन्दा माथि | १०००० |

**ख. उत्पादन मुलक उद्योग**

| **क्र.स.** | **व्यवसायको विवरण** | **पुँजीको आधारमा वार्षिक दर्ता तथा नवीकरण (रु.)** | | |
|---|---|---|---|---|
| | | **रु. ५ लाख सम्म** | **रु. ५ लाख भन्दा माथि १० लाख सम्म** | **रु. १० लाख भन्दा माथि** |
| १ | छापाखाना | २००० | ३००० | ४००० |
| २ | उर्जामुलक उद्योग | ५००० | ७००० | १०००० |
| ३ | कृषि/ वनजन्य/पशु सम्बन्धी उद्योग | १००० | २००० | ३००० |

| | | | | |
|---|---|---|---|---|
| ४ | घरेलु उद्योग तथा कलकारखाना | ३००० | ५००० | ७००० |
| ५ | खनिज उद्योग | ५००० | ७००० | १०००० |
| ६ | जुत्ता चप्पल उद्योग | ३००० | ५००० | ७००० |
| ७ | बेकरी उद्योग | २००० | ३००० | ५००० |
| ८ | ह्याचरी उद्योग | ५००० | १०००० | १५००० |
| ९ | कागज उद्योग | ५००० | ७००० | १०००० |
| १० | प्लाष्टिक उद्योग | ५००० | ७००० | १०००० |
| ११ | कवाडी उद्योग | ५००० | ७००० | १०००० |
| १२ | पानी प्रशोधन तथा मिनिरल वाटर उद्योग | ५००० | ७००० | १०००० |
| १३ | पस्मिना उद्योग | ७००० | १०००० | १२००० |
| १४ | गार्मेन्ट उद्योग | ५००० | ७००० | १०००० |
| १५ | झ्याल ढोका कार्भिङ उद्योग | ३००० | ५००० | १०००० |
| १६ | वेल्डीङ /ग्रिल उद्योग | ५००० | ७००० | १५००० |
| १७ | ट्रस, आल्मुनियम, फ्रेम बनाउने उद्योग | ५००० | ७००० | १५००० |
| १८ | डेरीजन्य पदार्थ तथा विस्कुट/चकलेट उद्योग | ३००० | ५००० | ७००० |
| १९ | नेपाली कागज तथा हाते कागज उद्योग | २००० | | |
| २० | नेपाली जडीवुटी उद्योग | २००० | | |
| २१ | बेतबाँस फर्निचर उद्योग | २००० | | |
| २२ | डिस्टिलरी उद्योग | ३५००० | | |
| २३ | जमिन मुनिको पानी सम्बन्धी उद्योग | २०००० | | |
| २४ | सिरक डस्ना उद्योग | ५००० | | |
| २५ | सिमेन्टको रिङ्ग/ब्लक बनाउने उद्योग | ५००० | | |

**ग. मर्मत तथा सेवा व्यवसाय**

| क्र.स. | व्यवसायको विवरण | पुँजीको आधारमा वार्षिक दर्ता तथा नवीकरण रु. | | |
|---|---|---|---|---|
| | | रु. ५ लाख सम्म | रु. ५ लाख भन्दा माथि १० लाख सम्म | रु. १० लाख भन्दा माथि |
| १ | टेलिफोन, फ्याक्स, फोटोकपी, मोबाईल, घडी, फोन सेवा, आई.एस.टि.डि, एस.टि.डि, ईन्टरनेट मर्मत, कम्प्युटर, रेफ्रिजेरेटर, टाईपिङ्ग सेवा, ग्याँस चुलो/प्रेसर कुकर/वाटर पम्प, साईकल तथा टेलिभिजन | २००० | ४००० | ६००० |

| | | | | |
|---|---|---|---|---|
| | मर्मत लगायत अन्य सम्पूर्ण इलेक्ट्रोनिक्स र इलेक्ट्रिक सामग्रीहरु मर्मत | | | |
| २ | मोटरसाईकल वर्कशप/ सर्भिसिङ | ७००० | ८००० | ११००० |
| ३ | कार तथा मोटरसाईकल वासिङ्ग सेन्टर | ५००० | ७००० | १०००० |
| ४ | कार, ट्रक, बस सर्भिसिङ्ग सेन्टर | १२००० | १५००० | २०००० |
| ५ | कार तथा मोटरसाईकल ट्रायल सेन्टर | १०००० | १३००० | १८००० |

## घ. मनोरञ्जन तथा सूचना प्रवाह व्यवसाय

| क्र.स. | व्यवसायको विवरण | पुँजीको आधारमा वार्षिक दर्ता तथा नवीकरण (रु.) | | |
|---|---|---|---|---|
| | | रु. ५ लाख सम्म | रु. ५ लाख भन्दा माथि १० लाख सम्म | रु. १० लाख भन्दा माथि |
| १ | पार्क तथा पिकनिक स्पट | २००० | ३००० | ४००० |
| २ | टेलिभिजन स्टेसन | ७००० | १०००० | १४००० |
| ३ | रेडियो एफ.एम. | ५००० | ७००० | १०००० |
| ४ | स्विमिङ्गपुल तथा फिटनेश सेन्टर | ७००० | १०००० | १५००० |
| ५ | योगा तथा जुम्बा | ३००० | ५००० | ७००० |
| ६ | तालिम केन्द्र | १००० | १२०० | १५०० |
| ७ | फुटसल तथा अन्य खेलकुद | १०००० | १५००० | १८००० |
| ८ | केबुल नेटवर्क | ७००० | १०००० | १२००० |
| ९ | चलचित्र प्रदर्शन घर | ७००० | १०००० | १४००० |
| १० | पुलहाउस/स्नोकर | ५००० | ७००० | १०००० |
| ११ | साईबर तथा ईन्टरनेट क्याफे | ३००० | ५००० | ८००० |
| १२ | विभिन्न किसिमका अनलाईन मिडिया तथा न्युज पोर्टलहरु | २००० | ४००० | ६००० |
| १३ | चलचित्र निर्माण कम्पनी | ५००० | ७००० | १०००० |
| १४ | चलचित्र वितरक कम्पनी | १०००० | १५००० | २०००० |
| १५ | डान्स ट्रेनिङ सेन्टर /म्युजिक ट्रेनिङ सेन्टर | ५००० | | |
| १६ | कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर/सफ्टवेयर कम्पनी | ७००० | | |

## ङ. विशेष परामर्श तथा अन्य व्यावसायिक सेवा

| क्र.स. | व्यवसायको विवरण | पुँजीको आधारमा वार्षिक दर्ता तथा नवीकरण (रु.) | | |
|---|---|---|---|---|
| | | रु. ५ लाख सम्म | रु. ५ लाख भन्दा माथि १० लाख सम्म | रु. १० लाख भन्दा माथि |
| १ | परामर्श सेवा | १००० | २००० | ३००० |
| २ | कानुन व्यवसायी | १००० | १५०० | ३००० |
| ३ | ईन्जिनियरिङ्ग तथा कन्सल्टेन्सी | ५००० | ७००० | १०००० |
| ४ | सुधार केन्द्र | ५००० | १०००० | १५००० |
| ५ | अनुसन्धानकर्ता तथा परामर्शदाता | ३००० | ४००० | ५००० |
| ६ | लेखापरिक्षक | | | |
| | क वर्ग | १०००० | | |
| | ख वर्ग | ८००० | | |
| | ग वर्ग | ५००० | | |
| | घ वर्ग | ३००० | | |
| | सि.ए. | १०००० | | |
| ७ | कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | | | |
| | क. श्रेणी विज्ञ | | ५००० | |
| | ख. श्रेणी सामान्य | | २००० | |
| ८ | विमा अभिकर्ता/एजेन्ट | | २००० | |
| ९ | सर्भेयर फर्म | | ५००० | |
| १० | अनुवादक/नोटरी पब्लिक | | ३००० | |
| ११ | संस्थागत पेन्टर | | ५००० | |
| १२ | सामान्य पेन्टर (फ्लेक्स, व्यानर ईत्यादि समेत) | | १००० | |
| १३ | सञ्चार सेवा हुलाक चिठीपत्र कुरियर | | १००० | |
| १४ | धितोपत्र (शेयर) कारोबारवाला | | ५००० | |
| १५ | विज्ञापन एजेन्सी | | ३००० | |
| १६ | वैदेशिक रोजगार सेवा | | १५००० | |
| १७ | स्वदेशी रोजगार | | २००० | |
| १८ | शेयर ब्रोकर | | २००० | |
| १९ | जुत्ता सिउने पसल | | ५०० | |
| २० | शैलुन | | २००० | |
| २१ | कल सेन्टर | | ३००० | |
| २२ | मोटरसाईकल/स्कुटर ड्राईभिङ सेन्टर | | ७००० | |
| २३ | मोटर लाईट/हेभी ड्राईभिङ सेन्टर | | १०००० | |

| | | |
|---|---|---|
| २४ | कुरियर तथा पार्सल | ५००० |
| २५ | अनलाईन डेलिभरी सर्भिस/कम्पनी | २००० |
| २६ | सेक्युरिटी गार्ड कम्पनी | १०००० |
| २७ | ज्योतिस परामर्श सेवा | २००० |
| २८ | लेखापढी फर्म | २००० |
| २९ | भन्सार एजेन्ट | १०००० |
| ३० | अन्तराष्ट्रिय गैर सरकारी संस्था दर्ता तथा नविकरण | १०००० |
| ३१ | २ पांग्रे सवारी साधनद्धारा हुने Ride Hailing / Ride Service | ५००० |
| ३२ | पार्किङ्ग व्यवसाय(भुमिगत स्थानमा) | १०००० |
| ३३ | पार्किङ्ग व्यवसाय(खुला स्थानमा) | १५००० |

**च. निर्माण व्यवसाय**

| क्र.स. | व्यवसायको विवरण | दर (रु.) |
|---|---|---|
| १ | निर्माण व्यवसाय र इजाजत | |
| | क वर्ग | २५००० |
| | ख वर्ग | २०००० |
| | ग वर्ग | १५००० |
| | घ वर्ग(इजाजत पत्र) | १०००० |
| २ | घ वर्ग निर्माण इजाजत पत्र नवीकरण(असोज मसान्त सम्म) | ५००० |
| ३ | घ वर्ग निर्माण इजाजत पत्र नवीकरण(कार्तिक देखि चैत्र मसान्त सम्म) | ८००० |
| ४ | घ वर्ग निर्माण व्यवसाय प्रा.लि. मा परिणत | १०००० |
| ५ | घ वर्ग निर्माण व्यवसाय ठाउँसारी/नामसारी | २००० |
| ६ | कम्पनीको नाम परिवर्तन तथा थप/घट | १५०० |
| ७ | कम्पनीको सञ्चालक/प्रोपाइटर परिवर्तन तथा थप/घट | १५०० |
| ८ | इजाजत पत्र प्रतिलिपि | १५०० |
| ९ | घ वर्ग व्यवसाय दर्ता तथा नवीकरण | १०००० |

**छ. वित्तीय व्यवसाय**

| क्र.स. | व्यवसायको विवरण | पुँजीको आधारमा वार्षिक दर्ता तथा नवीकरण (रु.) | |
|---|---|---|---|
| | | व्याख्या | दर रु. |
| १ | वाणिज्य बैङ्क (केन्द्रीय कार्यालय | | ८०००० |
| २ | वाणिज्य बैङ्क (शाखा कार्यालय) | प्रति शाखा | ४०००० |
| ३ | वाणिज्य बैङ्क (विस्तारित काउण्टर) | | १५००० |

| | | | |
|---|---|---|---|
| ४ | विकास बैङ्क (केन्द्रीय कार्यालय) | | ६०००० |
| ५ | विकास बैङ्क (शाखा कार्यालय) | प्रति शाखा | ३०००० |
| ६ | विकास बैङ्क (विस्तारित काउण्टर) | | १०००० |
